"सहकारी संघ/संस्थाहरूको प्रवर्द्धन, विकास एवम् बैंकिङ्ग कारोवारको लागि सहकारी क्षेत्रको एक मात्र बैंक"

राष्ट्रिय सहकारी बैंक लिमिटेडद्वारा प्रकाशित

# सहकारिता SAHAKARITA

द्वैमासिक

वर्ष १० अंक ४२, माघ-फाल्गुण २०८०    www.ncbl.coop    15 january 2024- 13 March 2024

## राष्ट्रिय सहकारी बैंकद्वारा नवनियुक्त सहकारी मन्त्री अधिकारीलाई बधाई तथा शुभकामना ज्ञापन



ललितपुर । राष्ट्रिय सहकारी बैंकले नवनियुक्त भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री बलराम अधिकारीलाई भेट गरि बधाई तथा शुभकामना व्यक्त गरेको छ। बैंकका नि-वर्तमान अध्यक्ष रमेश प्रसाद पोखरेलको नेतृत्वमा गएको बैंकको टोलीले मन्त्री अधिकारीलाई बधाई ज्ञापन गर्दै सहकारीको वर्तमान अवस्था र राष्ट्रिय सहकारी बैंकको विषयमा जानकारी गराएको थियो ।

मन्त्री अधिकारीले मन्त्रालयले तत्काल गर्नुपर्ने र दीर्घकालीन रूपमा गर्नुपर्ने विषयलाई मन्त्रालय समक्ष पेस गर्न आग्रह गर्नुभयो । उहाँले आफू काम गर्न आएकाले सहकारीको विकास र प्रवर्द्धनमा योगदान पुग्ने कार्य गर्ने बताउनुभयो । मन्त्री अधिकारीले आफूले सहकारी क्षेत्रमा देखिएका समस्या समाधान गर्ने तर्फ अग्रसर भएको जानकारी दिनु हुँदै सहकारी संस्थाबाट लिएको ऋण नर्तिने प्रवृत्तिलाई सरकारले छुट नदिने बताउनु भयो । 'सहकारी संस्थाबाट लिएको ऋण तिर्दिन भन्ने प्रवृत्तिलाई अब धेरै दिन छुट दिन सकिँदैन', मन्त्री अधिकारीले भने, 'त्यो प्रवृत्तिलाई प्रोत्साहित गर्ने काम कसैले पनि गर्नु हुँदैन । 'यदि सञ्चालकहरुलेनै सदस्यहरुको रकम अपचलन गरेको भए पनि कारबाही गरिने उल्लेख गर्नुभयो । सो अवसरमा बैंकका निवर्तमान अध्यक्ष एवम् राष्ट्रिय सहकारी महासंघका वरिष्ठ उपाध्यक्ष रमेश प्रसाद पोखरेले बधाई तथा शुभकामना व्यक्त गर्दै सहकारी क्षेत्रमा तत्काल गर्नुपर्ने विषयहरूको विषयमा चर्चा गर्नुभएको थियो ।..... *(बाँकी पृष्ठ ३ मा)*

## सहकारीकर्मीका लागि कार्यस्थलमा लैंगिक हिंसा सम्बन्धी कार्यक्रम



ललितपुर । राष्ट्रिय सहकारी बैंक लिमिटेडले राष्ट्रिय सहकारी महासंघसंगको सहकार्यमा कार्यस्थलमा हुने लैंगिक हिंसा सम्बन्धी एक दिने अन्तरक्रिया कार्यक्रम बिहीवार सम्पन्न भएको छ।

"महिलामा लगानीः सभ्य र समुन्नत समाजको थालनी" मुल नारा साथ ११४ औं अर्न्तराष्ट्रिय श्रमिक महिला दिवसको अवसर पारेर जुममार्फत आयोजना गरिएको कार्यक्रममा देशभरका ३ सय जना सहकारीकर्मीहरुको सहभागिता रहेको थियो । कार्यक्रममा राष्ट्रिय महिला आयोगका उपसचिव सिता अधिकारीले कार्यस्थलमा हुने लैंगिक हिंसा सम्बन्धमा सहजीकरण गर्नु भएको थियो । महिलाहरुमाथि कार्यस्थलमा विभिन्न खालका हिंसा हुँदै आएको भन्दै उहाँले हिंसा न्यूनिकरणका लागि सचेतना आवश्यक रहेको बताउनुभयो । कार्यस्थलमा हुने हिंसाका स्वरुपहरु आर्थिक, शारीरिक, मनोसामाजिक, यौनजन्य तथा अत्यधिक कार्यवोझ लगायतका हुने गरेको विभिन्न क्षेत्रमा भएको अध्ययन तथा उजुरीका आधारमा देखिएका छन्, आवश्यक छ ।'

..... *(बाँकी पृष्ठ ३ मा)*

राष्ट्रिय सहकारी बैंक लिमिटेडद्वारा प्रकाशित

सहकारिता

सल्लाहकार
के.बी. उप्रेती
लक्ष्मी प्रसाद उप्रेती
बद्रीकुमार गुरागाईं

सुचना, सञ्चार तथा प्रकाशन उप-समिति
संयोजक
राम बहादुर जि.सी.

सदस्यहरु
डिल्ली प्रसाद पोखरेल, आर एस तिमल्सिना
विजया धिताल
सदस्य सचिव
नवीन कुमार कार्की

प्रधान सम्पादक
राम बहादुर जि.सी.

सहयोगी
बलराम के.सी.

ठेगाना
राष्ट्रिय सहकारी बैंक लिमिटेड
केन्द्रीय कार्यालय पुल्चोक, ललितपुर
फोन नं : ०१-५१८०१८२
Email: Publication@ncbl.coop
ncbl@ncbl.coop
webiste: www.ncbl.coop

# सम्पादकीय

## पूँजी निर्माणको बानी बसाल्ने कार्यमा सहकारी संस्था भरपर्दो माध्यम

सहकारी आर्थिक क्षेत्रको एक महत्वपूर्ण अंगको रुपमा मानिन्छ। सार्वजनिक निजी र सहकारी क्षेत्र मार्फत समग्र देशको विकास गर्न सकिने कुरा नेपालको संविधान २०७२ मा उल्लेख गरिएको छ । आर्थिक स्वाधीनताको परिभाषा गर्दा अत्यन्त संकुचित रुपमा गर्ने गरिएको छ।

राष्ट्रिय आवश्यकताका आधारमा आर्थिक नीति निर्माण गर्ने, मुलुकको प्राथमिकता र आवश्यकता बमोजिम दातृ निकायको सहयोग प्राप्त गर्ने, आयात निर्यातजस्ता बजार सम्बन्धहरु मुलुकको स्वार्थ अनुकूल तुल्याउने, उत्पादन तथा वितरणमा समावेशिता र सहभागिता सुनिश्चित गर्नुपर्ने लगायतका कुराहरु समेट्नु पर्दछ।

औद्योगिक विकासका लागि दिगो पुँजी निर्माण आवश्यक हुने, स्वदेशी पुँजी निर्माण एवम् विकास नगरी दिगो आर्थिक विकास सम्भव नहुने भएकाले स्थानीय स्तरमा छरिएर रहेको पुँजी संकलन र पुँजी निर्माणको बानी बसाल्ने कार्यमा सहकारी संस्था भरपर्दो माध्यम बन्न सक्दछ । सहकारी क्षेत्र राज्य, निजी क्षेत्रको प्रतिष्पर्धी नभई परिपूरक मात्र हो । राज्यद्वारा प्रदान गरिने वितरणलाई तल्लो तहसम्म पुऱ्याउन सहकारीमार्फत गर्नु उपयुक्त हुन्छ। राज्य जान नसक्ने तथा निजी क्षेत्र जान नचाहने क्षेत्रमा सिर्जित अन्तराल सहकारीले पूरा गर्न सक्दछ। सशक्तिकरणको मुद्धालाई सम्बोधन गर्दै उपलब्धिमूलक बनाउनका लागि समुदायमा पछि परेका र पारिएकाहरुलाई संगठित गरेर मात्र सम्भव हुन्छ। यसका लागि उत्पादन, प्रशोधन र सामुदायिक गतिविधिमा सहकारी अभियान सबलीकरणका साथै आयआर्जन, गरिबी निवारणका लागि समेत सशक्त माध्यम बन्न सक्छ। उत्पादनभन्दा प्रशोधन र भण्डारणबाट मूल्य अभिवृद्धि (Value Add) हुने हुँदा स्थानीय जनता अझ बढी लाभान्वित हुने, यसबाट बिचौलिया प्रवृत्ति निरुत्साहित भई उत्पादक र उपभोक्ता दुवै लाभान्वित हुन्छन् । राज्यको समावेशी आर्थिक वृद्धिको लक्ष्य हासिल गर्नका लागि कुन कुन आर्थिक पक्ष र क्षेत्रका सहकारी संस्थालाई प्रवर्द्धन गर्ने भन्ने कुरा राज्यले प्राथमिकता दिएर अघि बढाउनु पर्दछ। खास गरी समाजमा पछि परेका समुदायलाई समेटे्र सहकारीको प्रवर्द्धन गर्न पहिलो प्राथमिकता दिन सकिन्छ। विश्व आर्थिक परिदृश्यमा देखा परेका मुख्य दुई मोडेलमध्ये राज्य र निजी क्षेत्रले चलाएको अर्थतन्त्रका आआफ्ना सीमा रहेका र सोका कारण बेलाबेलामा ती दुवै मोडलमा संकट आउने गरेको छ। ती दुवै मोडलको परिपूरकका रुपमा समावेशी आर्थिक वृद्धि र विकासका लागि तेश्रो पात्रका रुपमा विश्वका कतिपय मुलुकहरुमा सहकारी मोडेल स्थापित भएको छ। स्थानीय अर्थतन्त्रमा उत्पादन, प्रशोधन, भण्डारण र वितरणमा सहकारी संस्था नै सफल हुने गरेको देखिन्छ। यसरी सफल भएका सहकारी संस्थाहरु न्यून मात्रमा रहेको पाईन्छ।

बजार केन्द्रीत अर्थतन्त्रका कारण आयको वितरण न्यायोचित नहुँदा समाजमा असमानता, असन्तुष्टि जन्मन गई विभिन्न मुलुकमा द्वन्द्व र कहिलेकाहीँ विनाशको अवस्था देखिएको छ। उत्पादन र बजारीकरणमा स्थानीय समुदायको सहभागिता सुनिश्चित गर्न सहकारी एउटा पूरक पात्र हुने गरेको छ। समाजमा जातीय, लैगिक, भौगोलिक लगायत बहु आयामिक असमानता रहने र तिनलाई न्यूनीकरण गर्नमा सहकारी एक उपयुक्त उपकरण हो। अर्को कुरा नेपाल जस्तो विकासिल देशमा व्याप्त रहेको गरिविलाई घटाउन पनि सहयो पुगेको छ।

# राष्ट्रिय सहकारी बैंकद्वारा नवनियुक्त सहकारी मन्त्री अधिकारीलाई बधाई तथा शुभकामना ज्ञापन .....




उहाँले राज्य र अभियान मिलेर सहकारीमा राखेको रकम जोखिममा पर्दैन भन्ने विश्वासको वातावरण सिर्जना गर्नु अहिलेको आवश्यकता रहेको बताउनु भयो । राष्ट्रिय सहकारी बैंकका प्रमुख कार्यकारी अधिकृत बद्री कुमार गुरागाईंले बैंकको विषयमा संक्षिप्त जानकारी गराउँदै पछिल्लो समय सहकारी क्षेत्रको कारोबारको दायरा फराकिलो बन्दै गएकोले सहकारी बैंकको चेक क्लियरिङको लागि सहजिकरण गर्दिन मन्त्री समक्ष आग्रह गर्नुभयो ।

सहकारी बैंकले चेक क्लियरिङका विषयमा अर्थ मन्त्रालय, नेपाल राष्ट्र बैंकलगायतका निकायहरूसँग छलफल तथा निरन्तर लबिङ गरिरहेको जानकारी दिनुहुँदै यस क्षेत्रको कारोबारलाई सहज बनाउनको लागि पनि सहकारी बैंकको चेक क्लियरिङको आवश्यकता रहेको बताउनु भयो । बधाई तथा शुभकामना ज्ञापन गर्न बैंकको तर्फबाट नि-वर्तमान अध्यक्ष एवम् राष्ट्रिय सहकारी महासंघका वरिष्ठ उपाध्यक्ष रमेश प्रसाद पोखरेल, बैंकका सञ्चालकहरु राम बहादुर जि.सी. रामहरि बजगाई, केदार मानन्धर, शिवा थापा, विजया धिताल, कालि बहादुर महतरा, राष्ट्रिय सहकारी महासंघका सञ्चालक हुमा कुमारी जि.सी. (अञ्जु) र बैंकका प्रमुख कार्यकारी अधिकृत बद्रीकुमार गुरागाईं लगायत सहभागी हुनुहुन्थ्यो ।

# सहकारीकर्मीका लागि कार्यस्थलमा लैंगिक हिंसा सम्बन्धी कार्यक्रम....

राष्ट्रिय महिला आयोगका उपसचिव अधिकारीले भन्नुभयो,- 'महिला माथि हुने सबै प्रकारका हिंसा न्यूनिकरणका लागि शिक्षा, सचेतना र सक्रियता आवश्यक छ ।'

कार्यक्रममा राष्ट्रिय सहकारी महासंघका सञ्चालक हुमा कुमारी जिसी (अञ्जु) ले परम्परा, प्रचलन लगायत विभिन्न कारणबाट महिला र पुरुषमा विभेद रहदै आएको र त्यसलाई न्यूनिकरण गर्नका लागि सरोकारवालाहरुबीच सहकार्य र समन्वय आवश्यक रहेको बताउनुभयो ।

सहकारी क्षेत्रमा कार्यस्थलमा हुने हिंसाका विषयमा सचेतना प्रदान गरी न्यूनिकरणका लागि महासंघ, बैंक, केन्द्रीय संघहरु र जिल्ला तथा प्रारम्भिक सहकारीहरुले समेत सचेतना कार्यक्रम सञ्चालन गर्नु पर्नेमा उहाँले जोड दिनु भएको थियो ।

कार्यक्रमका अध्यक्ष तथा राष्ट्रिय सहकारी बैंकका सञ्चालक एवम् लैंगिक उपसमितिका संयोजक तारा गुरुङले हिंसाका रुप अविकसित र विकसित देशहरुमा फरक फरक हुने गरेको भन्दै शिक्षाका माध्यमबाट न्यूनिकरण गर्न सकिने बताउनु भएको थियो ।

राष्ट्रिय सहकारी बैंकका प्रमुख कार्यकारी अधिकृत बद्री कुमार गुरागाईले स्वागत मन्तव्य व्यक्त गर्दै कार्यस्थलमा हुने हिंसा के हो ? कसरी थाहा पाउने ? हिंसा न्यूनिकरणका लागि कसरी अगाडि बढ्न सकिन्छ भन्ने विषयमा जानकारी दिनका लागि कार्यक्रमको आयोजना गरिएको बताउनु भएको थियो ।

कार्यक्रमको सञ्चालन राष्ट्रिय सहकारी बैंकका व्यवसाय प्रवर्द्धन विभागका प्रमुख तथा लैंगिक उपसमितिका सदस्य सचिव तथा मधु रायमाझीले गर्नु भएको थियो ।

# सहकारीमा लेखा सुपरिवेक्षण समितिको प्रभावकारिता



सुर्यप्रसाद रिमाल
अधिकृत
राष्ट्रिय सहकारी बैंक लि.

## पृष्ठभुमी

सहकारी संस्थाको सर्वोच्च निकाय साधारण सभा हो । साधारणसभा बर्षमा एक पटक अनिवार्यरुपमा बस्नुपर्ने सदस्यहरुको बिसाल सभा हो । यस सभाबाट आवधिक रुपमा (प्रत्येक ४/४ बर्षमा) सञ्चालक समिति र लेखा सुपरिवेक्षण समितिको निर्वाचन/छनौट हुने गर्दछ । संस्थाको संचालक समिति संस्था संचालनमा मुख्य जिम्मेवार रहन्छ, संस्था संचालन तथा व्यवस्थापनसँग सम्बन्धीत सम्पूर्ण निर्णय गर्ने अधिकार संचालक समितिमा रहन्छ । यसको अर्थ संचालक समितिले जे पनि निर्णय गर्न सक्दछ भन्ने होइन, संचालक समितिले कुनैपनि बिषयमा निर्णय गर्दा सहकारी ऐन, नियमावली, मापदण्ड, सहकारी बिभागबाट जारी निर्देशिकाहरु, संस्थाको आफ्नै बिनियम, संस्थाका आन्तरीक नीति तथा कार्यबिधिहरु, साधारणसभाको निर्णयहरुको पुर्ण पालना गर्नुपर्दछ । सहकारी संस्था संचालन तथा व्यवस्थापनमा मुख्य जिम्मेवारी प्राप्त गरेका संचालकहरुले संस्था ठिक ढंगले ( सहकारी ऐन, नियमावली, मापदण्ड, सहकारी बिभागबाट जारी निर्देशिकाहरु, संस्थाको आफ्नै बिनियम, संस्थाका आन्तरीक नीति तथा कार्यबिधिहरु, साधारणसभाको निर्णयहरु अनुरुप) संचालन गरे/नगरेको, सहकारीको व्यवस्थापन प्रभावकारी ढंगले गरे/नगरेको बिषयमा निरन्तर अनुगमन गर्न साधारणसभाले निर्माण गर्ने ज्यादै महत्वपुर्ण समिति सहकारी संस्थाहरुको लेखा सुपरिवेक्षण समिति हो ।

अहिले समग्र सहकारीहरुमा तमाम समस्याहरु छन जस्तै नीतिनियमहरुको ठिक ढंगले पालना हुन नसक्नु, बैज्ञानीक बिधिबाट तथा प्रभावकारी रुपमा सहकारीको लेखा व्यवस्थापन हुन नसक्नु, सहकारीले प्रभावकारी बित्तीय व्यवस्थापन गर्न नसक्नु, सहकारीमा कर्मचारीको प्राप्ती, प्रयोग र सम्भारमा कमजोरी हुनु आदी तर यी समस्या तथा कमजोरीहरु सहकारीका संचालक तथा व्यवस्थापनको गलत नियत तथा खराब मानसिकताका उपज मात्र होइनन, संचालक तथा कर्मचारीहरुमा भएको नीतिगत ज्ञान तथा व्यवस्थापकिय क्षमताको अभावका कारणले धेरै समस्याहरु देखापरेका छन, यस प्रकारका समस्याहरुलाई आन्तरीक रुपमै पहिचान गरी समाधानका लागी सुझाव पेश गरी सुधार गराउन लेखा सुपरिवेक्षण समितिको प्रमुख भुमिका रहेको हुन्छ । तसर्थ सहकारी संस्थालाई आन्तरीक नियन्त्रण गदै शुसासन कायम गराउने मुलभुत जिम्मेवारी लेखा समितिमा रहेको हुन्छ ।

कतिपय संस्थाहरुमा संचालक समिति र लेखा सुपरिवेक्षण समितिको ठुलो भन्ने बिबाद पनि हुनसक्दछ । सामान्यतया लेखा सुपरिवेक्षण समिति भन्दा संचालक समिति ठुलो हो भन्ने भ्रम व्याप्त रहेको पाइन्छ, जुन बिलकुल गलत हो, किनकी यी दुवै समितिहरु साधारण सभाबाट निर्वाचत समिति हुन, केवल जिम्मेवारी मात्र फरक हो, संचालक समितिले गरेका निर्णयहरु तथा भएका कार्यक्रमहरुको बारेमा समेत सुक्ष्म विश्लेषण तथा परिक्षण गरेर ऐन नियम, योजना तथा बजेट अनुसार भय नभएको पहिचान गरी आवश्यक परे सुधारका लागी सुझाव दिनसक्ने लेखा सुपरिवेक्षण समिति भुमिका तथा जिम्मेवारीका हिसावले संचालक समितिभन्दा कम महत्वको हुनै सक्दैन ।

## बिषय प्रवेश

लेखा भन्नाले संस्थामा भएका प्रत्येक कारोवारहरुको नियमसंगत ढंगले अभिलेख राख्ने कार्यलाई बुझाउदछ भने सुपरिवेक्षण भन्नाले संस्थामा भइरहेको काम सहि रुपमा भए नभएको एकिन गरी सहि हुनेगरी सुधार गर्ने कार्यलाई जनाउछ । समग्रमा संस्थाको लेखा र अन्य व्यवस्थापन के कस्तो भई रहेको छ भन्ने कुराको नियमित रुपमा अनुगमन गरी अपेक्षित रुपमा सुधार गर्न संचालक समिति तथा व्यवस्थापनलाई सुझाव दिने कार्य गर्ने समिति नै लेखा सुपरिवेक्षण समिति हो ।

सहकारी ऐन २०७४ को दफा ४८ मा लेखा सुपरिवेक्षण समितिको काम, कर्तब्य र अधिकारको पहिलो बुँदामा नै प्रत्येक चौमासिकमा सहकारी संस्थाको आन्तरीक लेखापरिक्षण गर्ने/गराउने उल्लेख छ, त्यसैगरी बित्तिय तथा आर्थिक

कारोवारको निरीक्षण तथा मुल्यांकन गर्ने/गराउने, सञ्चालक समितिको काम कारबाहीको नियमित सुपरिवेक्षण गर्ने/गराउने, साधारणसभा तथा समितिका निर्णयहरु कार्यन्वयन भए/नभएको अनुगमन गर्ने, संस्थामा समग्ररुपमा बित्तिय अनुशासन कायम भए/नभएको जाँचबुझ गर्ने र आवश्यक सुझाव दिने उल्लेख छ, उल्लेखीत कार्यहरु गर्न लेखा सुपरिवेक्षण समितिको सदस्यमा निर्वाचित हुनका लागी लेखापालन तथा लेखापरिक्षण सम्बन्धी ज्ञान भएको हुनुपर्ने व्यवस्था सहकारी नियमावलीको नियम नं. २२ मा गरिएको छ । सबै सहकारीका लेखा सुपरिवेक्षण समितिका सदस्यहरुमा संस्थाको आन्तरीक लेखापरिक्षण गर्ने, बित्तिय अनुशासन कायम भए/नभएको जाँचबुझ गर्ने, ऐन नियमको पालना भए/नभएको जाँचबुझ गर्ने ज्ञान वा आवश्यक पर्याप्त समय नहुन पनि सक्दछ, यस्तो अवस्थामा लेखा सुपरिवेक्षण समितिले आन्तरीक लेखापरिक्षण गर्नका लागी तीन जना आन्तरीक लेखापरिक्षकको नाम सञ्चालक समितिमा पेश गर्न सक्दछ, लेखा समितिले दिएको सिफरिसका आधारमा तिन मध्येबाट संचालक समितिले आन्तरीक लेखापरिक्षक नियुक्त गर्न सक्नेछ । जे होस, लेखा सुपरिवेक्षण समिति आफैले वा आन्तरीक लेखापरिक्षक नियुक्त गरेर भएपनि संस्थाको आन्तरीक लेखापरिक्षण गर्ने/गराउने जिम्मेवारी लेखा सुपरिवेक्षण समितिमा रहेको हुन्छ ।

## आन्तरीक लेखापरिक्षणमा के परिक्षण गर्ने त ?

क) संस्थाका आर्थिक कारोबारहरुको परिक्षण : यस अर्न्तगत आर्थिक कारोवार गर्दा बिल, भर्पाइ तथा रसिद तयार गरे/नगरेको, आर्थिक कारोवारको ठिक ढंगले भर्पाइ उठाई सम्बन्धीत खाताहरुमा समेत पोष्टिङ गरे/नगरेको, सही रकम आम्दानी बाँधे/नबाधेको, बजेट अनुसार खर्च भए/नभएको, खरिदको बिल अनुसारको सामान दर्ता भए/नभएको, खर्च गर्ने अख्तियारी तथा बिल प्रमाणीत गर्ने अख्तियार प्राप्त व्याक्तीको दस्तखत भए/नभएको, समयमा पेश्की फछ्यौंट भए/नभएको परिक्षण गर्नुपर्दछ ।

ख) नीतिगत निर्णयहरुको परिक्षण : यस अर्न्तगत संचालक समितिले गरेका निर्णयहरु सहकारी ऐन, नियमावली, मापदण्ड, सहकारी बिभागबाट जारी निर्देशिकाहरु, संस्थाको आफ्नै बिनियम, संस्थाका आन्तरीक नीति तथा कार्यबिधिहरु, साधारणसभाको निर्णयहरु जस्तै बार्षिक कार्ययोजना अनुरुप भए नभएको, साधारण सभाबाट पारित बार्षिक कार्ययोजना कार्यन्वयन भए/नभएको, साधारणसभा तथा संचालक समिति आफैले गरेका निर्णयहरु कार्यान्वयन भए/नभएको, संस्था सञ्चालनका लागी आवश्यक नीति तथा कार्यबिधिहरु निर्माण भए/नभएको परिक्षण गर्नुपर्दछ ।

ग) दैनीक कार्यसञ्चालनको परिक्षण : यस अर्न्तगत संचालक समितिको नियमित बैठक बसे/नबसेको, कर्मचारी नियमित भए/नभएको, कर्मचारीहरुलाई कार्यबिबरण प्रदान गरे/नगरेको, कर्मचारहिरुको कार्यसम्पादन मुल्यांकन गरे/नगरेको, सदस्य बनाउदा आवश्यक बिबरणहरु संलग्न गरे/नगरेको, गैर सदस्य संग बचत संकलन गरे/नगरेको, ऋण लगानी गर्दा आवश्यक प्रकृया र कागजात पुरा गरे/नगरेको, भाखा नाघेको ऋणको लागी पर्याप्त ऋण सुरक्षण व्यवस्था गरे/नगरेको, सदस्यहरुलाई आवश्यक सेवाहरु प्रदान गरे/नगरेको, बचत तथा ऋणको व्यवाजदर समयसापेक्ष रुपमा परिमार्जन गरे/नगरेको, सेवा प्रदान तथा लाभांस बितरणमा सदस्यहरुबिच भेदभाव गरे/नगरेको, बिभिन्न कार्यक्रमहरुमा सदस्यहरुको अपेक्षित सहभागीता भए/नभएको, संस्थाप्रती सदस्यहरु संतुष्ट भए/नभएको परिक्षण गर्नुपर्दछ ।

घ) कर सम्बन्धी परिक्षण : संस्थाका कर्मचारी तथा संचालकहरुले पान नं लिए/नलिएको, कर्मचारीहरुको तलब तथा पारिश्रमीकमा कर कट्टा गरे/नगरेको, संचालकहरले पाउने भत्तामा कर कट्टा गरे/नगरेको, बचतको व्याजमा कर कट्ट गरे/नगरेको, घरबहाल कर, लाभांस कर कट्टा गरे/नगरेको, अग्रीम कर दाखिला गरे/नगरेको, किस्तबन्दीमा कर दाखिला गरे/नगरेको, तोकिएको समयमा भ( त्म्क गरे /नगरेको आदी परिक्षण गर्नुपर्दछ ।

**निश्कर्ष :**

समग्रमा सहकारी संस्था संचालनका क्रममा जानी नजानी बिभिन्न त्रुटी कमजोरीहरु हुन सक्दछ, यस्ता त्रुटी तथा कमजोरीहरुलाई बेलैमा सुधार गर्न सकिएन भने संस्थामा गम्भीर समस्याहरु देखा पर्न सक्दछन । सहकारी संस्थाहरु के कसरी संचालन भइरहेका छन, के कस्ता जोखीममा छन भन्ने बिषयमा नियमक निकायबाट समेत नियमित रुपमा अनुगमन हुनुपर्ने हो, तर सहकारी संस्था सुधार हुनेगरी कुनै अनुगमन हुने गरेको छैन । राष्ट्रिय सहकारी बैंकले सहकारीहरुको निरन्तर अनुगमन गरी सुधार गर्न सहकारी स्तरीकरण कार्यक्रम संचालन संचालन गरेको छ, यस कार्यक्रममा पनि धेरै सहकारीहरुलाई आवद्ध गर्न सकिएको छैन, यस्तो अवस्थामा लेखा सुपरिवेक्षण समितिले संस्थाको नियमित अनुगमन गरी संस्थाको जोखीमहरु पहिचान गदै संस्था सुधार गर्न निरन्तर कृयासिल हुनु जरुरी छ ।

**धन्यवाद !!!**

# सिरहामा सहकारीका सञ्चालकहरूको क्षमता अभिवृद्धि तालिम सम्पन्न

ललितपुर । राष्ट्रिय सहकारी बैंक लिमिटेड लहान शाखाले सञ्चालन गरेको दुई दिवसीय सहकारीका सञ्चालकहरूको क्षमता अभिवृद्धि तालिम माघ ४ गते सम्पन्न भएको छ।

सहकारी सञ्चालकहरूले संस्था सञ्चालन गर्दा आइपर्ने समस्याहरू सदस्यहरूलाई ऋण लगानी गर्दा अपनाउनु पर्ने विधिहरू, आवश्यक कागजातहरू, धितो मूल्याङ्कन, भाखा नाघेको कर्जाको व्यवस्थापन, जमानत , संस्थालाई आवश्यक पर्ने नीति, विधि र प्रविधि, कार्यविधि, बचत प्रोड्क्टहरु, समय सापेक्ष ब्याजदर लगायत सम्भावित जोखिम कम गर्न सहयोग पुऱ्याउने र सञ्चालक समितिको क्षमता अभिवृद्धि गर्ने उद्देश्यका साथ तालिम सञ्चालन गरिएको बैंकले जनाएको छ।

कार्यक्रम समापनको अवसरमा मन्तव्य राख्दै बैंकका सञ्चालक एवम् मधेस प्रदेशका संयोजक विश्वनाथ मण्डलले सहकारीका सञ्चालकहरूले संस्था प्रतिको आफ्नो दायित्व र जिम्मेवारी पूरा नगर्दा सहकारी संस्थाहरु दुर्घटनामा पर्ने गरेको बताउनु भयो । उहाँले कतिपय सहकारी संस्थाहरूका सञ्चालकको खराब आचरणका कारण पनि समस्या निम्तिएको उल्लेख गर्दै सुशासन र पारदर्शितामा संस्थालाई सञ्चालन गर्नुपर्नेमा जोड दिनु भयो ।

बैंकको व्यवसाय प्रवर्द्धन, एकीकरण तथा स्तरीकरण उप-समितिका सदस्य पञ्चलाल महतोले केही सहकारी संस्थाहरुले जथाभाबी कर्जा लगानी गर्दा संस्थाहरुको कर्जा असुलीमा समस्या आउँदा संस्था धारासाही हुँदै गएको बताउनु भयो ।

तालिमका सहभागी बुद्ध महिला बचत तथा ऋण सहकारी संस्थाका सञ्चालक पविता जर्गा मगरले तालिम अवधिमा सिकेका कुराहरूलाई सञ्चालकहरूको क्षमता विकास र संस्थागत विकासको क्षेत्रमा कोसेढुँगा साबित भएको बिचार व्यक्त गर्नुभयो । बैंकका सञ्चालक विश्वनाथ मण्डलको अध्यक्षतामा भएको कार्यक्रमको सञ्चालन राष्ट्रिय सहकारी बैंक लहान शाखाका प्रमुख समीर श्रेष्ठले गर्नुभएको थियो । कार्यक्रममा सिरहा जिल्लाका विभिन्न सहकारी संस्थाका २५ जना सञ्चालहरुले सहभागिता जनाएका थिए।

# बनेपामा प्रभावकारी कर्जा असुली सम्बन्धी तालिम सम्पन्न

ललितपुर । राष्ट्रिय सहकारी बैक लिमिटेड बनेपा शाखा र काभ्रेपलाञ्चोक जिल्ला बहुउद्देश्यीय सहकारी संघ लिमिटेडको संयूक्त आयोजनामा प्रभावकारी कर्जा असुली सम्बन्धी एक दिवसीय तालिम सम्पन्न भएको छ।

माघ ६ गते बनेपा पार्टी भेन्युमा आयोजित कार्यक्रममा सहकारीले सदस्यहरूलाई ऋण लगानी गर्दा अपनाउनु पर्ने विधिहरू, आवश्यक कागजातहरू, धितो मूल्याङ्कन, जमानत लगायत सम्भावित जोखिम कम गर्न सहयोग पुऱ्याउने उद्देश्यका साथ तालिम सञ्चालन गरिएको बैंकले जनाएको छ। तालिममा ऋण लगानीका प्रक्रियाहरू, क्षमतामा आधारित ऋण लगानी, व्यवसाय विश्लेषण, ऋण अनुगमन र निरीक्षण, जोखिम पहिचान र व्यवस्थापन, सहकारीको ऋण असुली सम्बन्धी कानुनी व्यवस्थाहरू, ऋणको वर्गीकरण, ऋण असुलीका उपायहरू, भाखा नाघेको ऋण असुली गर्ने तरिका लगायतका विषयमा सहजीकरण गरिएको थियो। काभ्रेपलाञ्चोक जिल्ला बहुउद्देश्यीय सहकारी संघका अध्यक्ष विधान जोशीको अध्यक्षतामा भएको कार्यक्रममा राष्ट्रिय सहकारी बैंकका तालिम अधिकृत बल्लभ तिमल्सिनाले प्रभावकारी कर्जा असुलीको विषयमा सहजीकरण गर्नुभएको थियो । तालिम समापन कार्यक्रममा बोल्नुहुँदै बनेपा नगरपालिकाको नगर प्रमुख एवम् कार्यक्रमका प्रमुख अतिथि शान्ति रत्न शाक्यले वित्तीय कारोबार गर्ने सहकारीहरूले ऋण लगानी र असुलीका विधि र प्रक्रियामा विशेष ध्यान दिनु पर्नेमा जोड दिनुभयो । उहाँले तालिममा सिकेका कुरा आ-आफ्नो संस्थामा लगेर कार्यान्वयन गर्न सुझाव दिँदै उहाँले ऋणको जोखिम न्यूनीकरण गर्न सके सहकारीको समस्या सहजै समाधान हुने धारणा राख्नु भयो।

बैंकको बनेपा शाखाका शाखा प्रमुख उपेन्द्र दाहालले सञ्चालन गर्नुभएको तालिममा काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक, भक्तपुर र काठमाण्डौं जिल्लाका विभिन्न सहकारी संघ/संस्थाहरुबाट ५६ जना सहकारीका सञ्चालक तथा कर्मचारीहरूको सहभागिता रहेको थियो।

# सहकारीका समस्या समाधान गर्न सहकार्य गरौँ : नगर प्रमुख भट्ट



ललितपुर । कैलाली जिल्लाको गोदावरी नगरपालिकाका नगर प्रमुख वीरेन्द्र भट्टले सहकारी क्षेत्रमा देखिएका समस्यालाई स्थानीय सरकार र सहकारी अभियान सहित सबै मिलेर समाधान गर्नु पर्नेमा जोड दिनु भएको छ।

माघ ८ गते कैलालीको अत्तरियामा राष्ट्रिय सहकारी बैंक लिमिटेडले आयोजना गरेको 'बैंकको सेवा सुविधा सम्बन्धी अन्तरक्रिया कार्यक्रम'मा बोल्दै कार्यक्रमका प्रमुख अतिथि समेत रहनु भएका नगर प्रमुख भट्टले यस्तो बताउनु भएको हो। सहकारी आर्थिक, सामाजिक र सांस्कृतिक विकासको महत्वपूर्ण पाटो हो, यसलाई सबै मिलेर सबल र सक्षम बनाउनु पर्छ, प्रमुख भट्टले भन्नुभयो, पछिल्लो समय बजार केन्द्रित केही सहकारीमा आएको समस्याका कारण सबै सहकारीलाई समस्या पार्ने गरी विभिन्न गतिविधि भएका छन्, यसलाई समाधान गर्नका लागि सबै मिलेर सहकार्य गरौँ र समस्या समाधानको लागि अघि बढौं।

त्यसैगरी उहाँले ग्रामीण क्षेत्रका सहकारी संस्थाहरुलाई बैंकले प्राथमिकतामा राखी तालिम, शिक्षा र प्रविधिमा सहकारी बैंकले सहयोग गर्नुपर्ने उल्लेख गर्दै नगरपालिका र सहकारी बैंकको संयुक्त कार्यक्रम मार्फत नगरपालिका अन्तर्गतका सहकारीहरूको विकास, बिस्तार र स्तरीकरण वृद्धिमा सहकार्य गर्नुपर्नेमा जोड दिनु भयो। नवजीवन बहुउद्देश्यीय सहकारी संस्थाका अध्यक्ष एवम् कार्यक्रमका सभापति देव बहादुर बमले हाम्रो जस्तो आर्थिक अवस्था भएको मुलुकको आर्थिक विकासको महत्वपूर्ण आधार क्षेत्र सहकारी भए पनि यसलाई राज्यले प्राथमिकतामा पार्न नसकेको गुनासो गर्नु भयो। 'सहकारी क्षेत्रमा देखा परेका कतिपय समस्याहरु बिस्तारै हल हुँदै गाएका छन्, 'अब बैंक र नगरपालिकाको मिलेर यस क्षेत्रका सहकारीको प्रवर्द्धनका लागि समन्वय र सहकार्य गर्नुपर्छ'। कार्यक्रमका सहभागीहरूले अत्तरियामा बैंकको काउन्टर राख्न आग्रह गरेका छन्। बैंकको शाखा धनगढी टाढा भएकाले समस्या परेको भन्दै अत्तरियामा कारोबार गर्ने गरि काउन्टर राख्न माग गरेका हुन। त्यस क्षेत्रका विभिन्न सहकारी संघ/संस्थाका ५९ जना सञ्चालक तथा कर्मचारीहरू सहभागी भएको कार्यक्रममा बैंकको सुदूरपश्चिम प्रदेश एवम् धनगढी शाखाका प्रमुख दिनेश गेलालले बैंकको सेवा सुविधाका विषयमा एक प्रस्तुतीकरण राख्नु भएको थियो।

# स्तरीकरण कार्यक्रम केयरमा आबद्ध तीन जिल्लाका संस्थाहरूबिच समीक्षा गोष्ठी सम्पन्न

ललितपुर। राष्ट्रिय सहकारी बैंक लिमिटेडले सञ्चालन गरेको सहकारी संस्थाहरुको स्तरीकरण कार्यक्रम अन्तरगत केयरमा आबद्ध संस्थाहरुको केयर समीक्षा गोष्ठी कार्यक्रम महोत्तरीको बर्दिबासमा सम्पन्न भएको छ। माघ १५ गते केयरमा आबद्ध

सत्कर्म कृषि सहकारी संस्था लिमिटेड बर्दिबासको आयोजना तथा राष्ट्रिय सहकारी बैंक लिमिटेडको प्राविधिक सहयोगमा मधेस प्रदेशको धनुषा, महोत्तरी र सर्लाही जिल्लाबाट केयर कार्यक्रममा सहभागी संस्थाहरूका बिचमा संस्थाहरुको वित्तीय अवस्था, सुशासन र आन्तरिक व्यवस्थापन लगायतका विषयमा छलफल तथा अन्तरक्रिया भएको थियो। कार्यक्रममा बर्दिबास नगरपालिकाका नगर प्रमुख प्रल्हाद क्षेत्रीको प्रमुख आतिथ्यता, बैंकका सञ्चालकहरू रामहरि बजगाईँ, विश्वनाथ मण्डल, प्रमुख कार्यकारी अधिकृत बद्रीकुमार गुरागाईं र सदस्य सेवा महाशाखाका प्रमुख राम बाबु आचार्यको आतिथ्यता रहेको थियो । कार्यक्रमलाई राष्ट्रिय सहकारी बैंकका अधिकृत सूर्यप्रसाद रिमालले सहजिकरण गर्दै सहकारी संस्थाहरूको संस्थागत क्षमता विकास तथा स्तरोन्नतिका लागि बैंक सबै किसिमको प्रबिधिक सहयोग गर्न प्रतिबद्ध रहेको उल्लेख गर्नु भयो।

आयोजक संस्थाका अध्यक्ष सुशीला थापाको अध्यक्षतामा भएको कार्यक्रममा धनुषा, महोत्तरी र सर्लाही जिल्लाका गरि ६ वटा सहकारी संस्थाहरूका सञ्चालक तथा व्यवस्थापन प्रमुखको सहभागिता रहेको थियो। केयर कार्यक्रमले संस्थागत सुशासन तथा प्रभावकारी वित्तीय व्यवस्थापनका लागी कार्यक्रम अत्यन्तै उपयोगी रहेको सहभागीहरूले बताएका छन्।

# स्तरीकरण कार्यक्रम केयरमा आबद्ध सिराहा र सप्तरीका संस्थाहरूबिच समीक्षा गोष्ठी सम्पन्न

ललितपुर । राष्ट्रिय सहकारी बैंक लिमिटेडले सञ्चालन गरेको सहकारी संस्थाहरुको स्तरीकरण कार्यक्रम अन्तरगत केयरमा आबद्ध सिराहा र सप्तरी जिल्लाका संस्थाहरुको केयर समीक्षा गोष्ठी कार्यक्रम सम्पन्न भएको छ।

माघ १६ गते केयरमा आबद्ध सिराहा जिल्ला स्थित लहान नगरपालिका वडा नम्बर ७ मा रहेको जनउत्थान बचत तथा सहकारी संस्था लिमिटेडको आयोजना तथा राष्ट्रिय सहकारी बैंक लिमिटेडको प्राविधिक सहयोगमा मधेस प्रदेशको सिराहा र सप्तरी जिल्लाबाट केयर कार्यक्रममा सहभागी संस्थाहरूको बिचमा संस्थाहरुको वित्तीय अवस्था, सुशासन र आन्तरिक व्यवस्थापन लगायतका विषयमा छलफल तथा अन्तरक्रिया भएको थियो । कार्यक्रममा बैंकका सञ्चालक रामहरि बजगाईंको प्रमुख आतिथ्यता, सञ्चालक विश्वनाथ मण्डल र सदस्य सेवा महाशाखाका प्रमुख राम बाबु आचार्यको आतिथ्यता रहेको थियो।

कार्यक्रममा बोल्दै प्रमुख अतिथि बजगाईंले सहकारी संस्थाको सञ्चालनलाई थप व्यवस्थित एवम् प्रभावकारी बनाई, गुणस्तरीय सुनिश्चितता कायम गर्न केयर कार्यक्रमले गरेको गर्ने बताउनु भयो। सहकारी संस्था एवम् अभियानको उच्च छवि निर्माण गर्ने उद्देश्यका साथ बैंकले सुरु गरेको स्तरीकरण कार्यक्रम अन्तर्गत केयर कार्यक्रमले सहकारी संस्थाको स्तर पहिचान, स्तर मापन उवम् स्तरोन्नतिका लागि विभिन्न कार्य गर्दै आएको उल्लेख गर्नु भयो। कार्यक्रमका विशेष अतिथि एवम् बैंकका सञ्चालक विश्वनाथ मण्डलले सहकारीलाई सुरक्षित रूपमा सञ्चालनका लागि आवश्यक नीति तथा कार्यविधिहरू निर्माण गर्न, सुशासन कायम राख्न, वित्तीय रूपमा सक्षम बनाउन तथा समग्रमा सहकारी संस्थाको अवस्था सुधार गर्नका लागि सहकारी बैंकले सञ्चालन गरेको स्तरीकरण कार्यक्रम प्रभावकारी हुने कुरामा जोड दिनु भयो।

कार्यक्रमलाई राष्ट्रिय सहकारी बैंकका अधिकृत सूर्यप्रसाद रिमालले सहजिकरण गर्दै सहकारी संस्थाहरूको संस्थागत क्षमता विकास तथा स्तरोन्नतिका लागि बैंक सबै किसिमको प्रबिधिक सहयोग गर्न प्रतिबद्ध रहेको उल्लेख गर्नु भयो । आयोजक संस्थाका अध्यक्ष रामनारायण महतोको अध्यक्षतामा भएको कार्यक्रममा सिराहा र सप्तरी जिल्लाका सहकारी संस्थाहरूका सञ्चालक तथा व्यवस्थापन प्रमुखको सहभागिता रहेको थियो।

त्यसैगरी सोमबार नेपाल सहकारी संस्था लिमिटेडको आयोजनामा केयर समीक्षा गोष्ठी राजविराज-३, सप्तरीमा सम्पन्न भएको छ। संस्थाका अध्यक्ष सत्रुधन प्रसाद गुप्ताको अध्यक्षतामा भएको कार्यक्रममा बैंकका सञ्चालक रामहरि बजगाईंको प्रमुख आतिथ्यता, सञ्चालक विश्वनाथ मण्डल, सदस्य सेवा महाशाखाका प्रमुख राम बाबु आचार्य, बैंकको राजविराज शाखा समन्वय उपसमितिका संयोजक गणेश आस, जिल्ला बचत तथा ऋण सहकारी संघका उपाध्यक्ष ममता शाह, शाखा समन्वय उपसमितिका सदस्यहरू, बैंकको राजविराज शाखाका प्रमुख बिरबल कुमार राजवंशी

लगायतको आतिथ्यता रहेको थियो । कार्यक्रममा केयरमा आबद्ध सप्तरीका ६ वटा संस्थाका सञ्चालक तथा व्यवस्थापन प्रमुखको सहभागिता रहेको थियो । कार्यक्रममा सहभागी संस्थाका सञ्चालक तथा व्यवस्थापन प्रमुखहरूले केयर कार्यक्रमले संस्थागत सुशासन तथा प्रभावकारी वित्तीय व्यवस्थापनका लागी कार्यक्रम अत्यन्तै उपयोगी रहेको सहभागीहरूले बताएका छन् ।

# भक्तपुरमा सहकारी संस्थाका व्यवस्थापहरुको क्षमता विकास तालिम सम्पन्न

ललितपुर । राष्ट्रिय सहकारी बैंक लिमिटेड ठिमी शाखा कार्यालयद्वारा आयोजित दुई दिवसीय व्यवस्थापकहरूको क्षमता विकास तालिम माघ २३ गते सम्पन्न भएको छ ।

एन.सि.बि.एल सदस्य शिक्षा कार्यक्रम २०८०/०८१ अन्तर्गत निःशुल्क रूपमा माघ २२ र २३ गते सञ्चालन गरिएको तालिममा त्यस क्षेत्रका सहकारी संघ/संस्थाहरूका प्रमुख कार्यकारी अधिकृतहरू एवम् व्यवस्थापकहरूको सहभागिता रहेको थियो । सहकारी संघ संस्थाका व्यवस्थापकहरूको क्षमता अभिवृद्धि गरी सुशासनयुक्त र व्यावसायिक संस्था सञ्चालन गर्न सहयोग पुऱ्याउने उद्देश्यका साथ तालिम सञ्चालन गरिएको बैंकले जनाएको छ । तालिममा सहकारी क्षेत्रको विकास र प्रवर्द्धन गरि यस क्षेत्रको सशक्तीकरण, जोखिम व्यवस्थापन, संस्थागत सुशासन, अनुगमन प्रणाली, संस्थाको छवि निर्माणमा व्यवस्थापकको भूमिका, लगायतका विषयमा छलफल तथा अन्तरक्रिया भएको थियो । कार्यक्रमको उद्घाटन गर्दै बैंकका सञ्चालक एवम् बागमती प्रदेशका संयोजक रामहरि बजगाईंले सहकारी क्षेत्रको वित्तीय लगायत संस्थागत विकासमा बैंकको भूमिका थप विस्तार र व्यवस्थित गर्नका लागि कार्यक्रम सहयोगी हुने बताउनु भयो ।

सहकारी संस्थामा व्यवस्थापकहरूको महत्त्वपूर्ण भूमिका हुने बताउँदै समय सापेक्ष रूपमा आफूलाई दक्ष बनाई राख्नुपर्नेमा जोड दिनु भयो । तालिम समापन कार्यक्रममा बोल्दै सूर्यविनायक नगरपालिकाकी उप-प्रमुख एवम् बैंकका पूर्व सञ्चालक सरिता तिम्सिना (भट्टराई) ले सहकारीका व्यवस्थापन प्रमुखहरूले आफ्नो संस्थामा स्वनियमनमा रही सदस्यलाई शिक्षा तालिम सञ्चालन गर्नुपर्ने आजको आवश्यकता रहेको बताउनु भयो । सहकारी संस्थाले वार्षिक साधारण सभा सँगसँगै अन्य सदस्य सेवा, सामाजिक सेवाका कार्य गर्नुपर्नेमा जोड दिनुभएको थियो । उहाँले नगरपालिकाद्वारा सम्बन्धित शाखामार्फत सहकारी संस्थाको नियमित अनुगमन तथा निरीक्षण गरी निर्देशन सँगै सल्लाह सुझाव दिइने गरेको उल्लेख गर्नु भयो ।

बैंकका सञ्चालक ध्रुवराज विष्टले सहकारी क्षेत्रले वित्तीय साक्षरता अभिवृद्धिमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेको बताउनु भयो । सहकारी क्षेत्रले सदस्यहरुसँग वित्तीय साक्षरतासँगै ग्रामीण क्षेत्रमा रहेका विपन्न वर्गका जनताको आयआर्जन वृद्धिमा प्रभावकारी बन्दै गएको बताउनु भयो । उहाँले सहकारीको भूमिका थप बढाउनका लागि उद्देश्य अनुरूप कर्जा परिचालन, उत्पादनशील क्षेत्रलाई प्राथमिकता, संस्थागत सुशासन, आन्तरिक अनुगमन प्रणालीमा सुधार र दक्ष कर्मचारीको व्यवस्थापन आवश्यक रहेको बताउनु भयो ।

बैंकको सदस्य सेवा महाशाखाका प्रमुख रामबाबु आचार्यले सदस्य सस्ताहरूको संस्थागत विकासका लागि तालिम तथा शिक्षाका कार्यक्रमलाई जोड दिएको बताउनु भयो । दुई दिन सम्म सञ्चालन भएको तालिममा बैंकका सहायक तालिम अधिकृत राजकुमार बराल र कल्याणकारी बचत तथा ऋण सहकारी संस्था लिमिटेड ललितपुरका प्रमुख कार्यकारी अधिकृत कुमार खत्रीले व्यवस्थापहरुको क्षमता विकासका विषयमा सहजिकरण गर्नु भएको थियो ।

बैंकले चालू आर्थिक वर्ष २०८०/०८१ मा एन.सि.बि.एल सदस्य शिक्षा कार्यक्रम अन्तर्गत सहकारी संघ/संस्थाहरूका अध्यक्षहरूको क्षमता विकास तालिम, लेखा सुपरिवेक्षण समितिको प्रभावकारिता, कोषाध्यक्षको क्षमता विकास तालिम र व्यवस्थापकहरूको क्षमता विकास तालिम सञ्चालन गरिरहेको ।

# भक्तपुरमा सहकारी संस्थाका अध्यक्षहरूलाई क्षमता विकास तालिम

ललितपुर । राष्ट्रिय सहकारी बैंक लिमिटेड कमलविनायक शाखा कार्यालयद्वारा आयोजित दुई दिवसीय सहकारी संस्थाका अध्यक्षहरूको क्षमता विकास तालिम माघ २६ गते सम्पन्न भएको छ । एन.सि.बि.एल सदस्य शिक्षा कार्यक्रम

२०८०/०८१ अन्तर्गत निःशुल्क रूपमा माघ २५ र २६ गते सञ्चालन गरिएको तालिममा त्यस क्षेत्रका ३५ वटा सहकारी संघ/संस्थाहरूका अध्यक्षहरूको सहभागिता रहेको थियो । सहकारी संघ संस्थाका अध्यक्षहरूको क्षमता अभिवृद्धि गरी सहकारी संघ संस्थालाई कुशलतापूर्वक सञ्चालन र व्यवस्थापन गरी सुशासन र पारदर्शी तवरबाट संस्था सञ्चालन गर्न सहयोग पुऱ्याउने उद्देश्यका साथ तालिम सञ्चालन गरिएको बैंकले जनाएको छ। तालिममा सहकारी क्षेत्रको आन्तरिक नियन्त्रण प्रणाली तथा जोखिम व्यवस्थापनमा सञ्चालक तथा अध्यक्षहरूको भूमिका, सहकारी ऐन नियमावली, आन्तरिक कार्यविधि तथा सहकारीमा सुशासन, विकास व्यवस्थापन प्रतिवेदन, विश्लेषण, बैठक सञ्चालन प्रक्रिया, नेतृत्वको भूमिका लगायतका विषयमा छलफल तथा अन्तरक्रिया भएको थियो।

कार्यक्रमको उद्घाटन बैंकका सञ्चालक एवम् शिक्षा तालिम तथा सम्मान उपसमितिका सदस्य ध्रुवराज विष्टले गर्नुभएको थियो। उद्घाटन पछि मन्तव्य राख्दै विष्टले सहकारीको कुशल व्यवस्थापनमा सञ्चालक समितिका अध्यक्षको नेतृत्वदायी भूमिका रहने बताउनु भयो। उहाँले 'सहकारी संस्थाका अध्यक्ष, सदस्यहरूबाट चुनिएर आएका प्रतिनिधि भएकोले संस्था सञ्चालनको भूमिका महत्वपूर्ण हुने बताउनु भयो' ।

त्यसैगरी तालिमको समापन सत्रमा मन्तव्य राख्दै बैंकको लेखा सुपरिवेक्षण समितिका संयोजक लक्ष्मी प्रसाद उप्रेतीले नेतृत्वमा सहकारी सञ्चालन गर्ने क्षमता र सिप नहुँदा सहकारी संस्थामा समस्या आएको बताउनु भयो । तालिमले ज्ञान र सिपको विकास गरी सहकारी संस्थालाई फरक ढङ्गले सञ्चालन गर्न टेवा पुग्ने विश्वास व्यक्त गर्नु भयो। उहाँले सहकारीमा देखिएको वर्तमान चुनौतीलाई सामना गर्दै अभियानलाई थप सुदृढ बनाउन सबै पक्ष लाग्नु पर्नेमा जोड दिनु भयो।

दुई दिन सम्म सञ्चालन भएको तालिमलाई बैंकका सहायक तालिम अधिकृत राजकुमार बराल र कल्याणकारी बचत तथा ऋण सहकारी संस्था लिमिटेड ललितपुरका प्रमुख कार्यकारी अधिकृत कुमार खत्रीले विभिन्न ८ वटा विषयमा सहजिकरण गर्नु भएको थियो।

कार्यक्रममा सहभागी संस्थाका अध्यक्षहरूले तालिम पश्चात् संस्थालाई थप उचाइमा लैजान तालिम सहयोगी भएको बताएका छन् । तालिम कार्यक्रम बैंकको कमलविनायक शाखाकी प्रमुख सुनिता गौतमले सञ्चालन गर्नुभएको थियो।

# कीर्तिपुर र बलम्बु क्षेत्रको सहकारी संस्थाका अध्यक्षहरूलाई क्षमता विकास तालिम

ललितपुर । राष्ट्रिय सहकारी बैंक लिमिटेड कीर्तिपुर र बलम्बु शाखा कार्यालयद्वारा आयोजित दुई दिवसीय सहकारी संस्थाका अध्यक्षहरूको क्षमता विकास तालिम फाल्गुन ९ गते सम्पन्न भएको छ।

एन.सि.बि.एल सदस्य शिक्षा कार्यक्रम २०८०/०८१ अन्तर्गत निःशुल्क रूपमा फाल्गुन ८ र ९ गते सञ्चालन गरिएको तालिममा त्यस क्षेत्रका ३५ वटा सहकारी संघ/संस्थाहरूका अध्यक्षहरूको सहभागिता रहेको थियो।

सहकारी संघ संस्थाका अध्यक्षहरूको क्षमता अभिवृद्धि गरी सहकारी संघ संस्थालाई कुशलता पूर्वक सञ्चालन र व्यवस्थापन गरी सुशासन र पारदर्शी तवरबाट संस्था सञ्चालन गर्न सहयोग पुऱ्याउने उद्देश्यका साथ तालिम सञ्चालन गरिएको बैंकले जनाएको छ।

तालिममा सहकारी क्षेत्रको आन्तरिक नियन्त्रण प्रणाली तथा जोखिम व्यवस्थापनमा सञ्चालक तथा अध्यक्षहरूको भूमिका, सहकारी ऐन, नियमावली, आन्तरिक कार्यविधि तथा सहकारीमा सुशासन, विकास व्यवस्थापन प्रतिवेदन, विश्लेषण, बैठक सञ्चालन प्रक्रिया, नेतृत्वको भूमिका लगायतका विषयमा छलफल तथा अन्तरक्रिया भएको थियो । कार्यक्रमको उद्घाटन बैंकका सञ्चालक पार्वती थापा मगरले गर्नुभएको थियो । उद्घाटन पछि मन्तव्य राख्दै मगरले सहकारी संस्थामा अध्यक्षले सही समयमा उचित निर्णय लिनु पर्ने धारण राख्नु भयो । कीर्तिपुर नगरपालिका सहकारी विभागका वरिष्ठ अधिकृत सुजिन्द्र महर्जनले सहकारी संस्थालाई प्रभावकारी रूपमा सञ्चालनका लागि अध्यक्षको भूमिका प्रमुख रहने बताउनु भयो।

त्यसैगरी तालिमको समापन सत्रमा मन्तव्य राख्दै बैंकका सञ्चालक केदार मानन्धरले सहकारी संस्थाका अध्यक्षहरूलाई जबाफदेही बनाउँदै समस्या समाधान गर्न प्रमुख भूमिका अध्यक्षहरूको भएको बताउनु भयो। संस्था प्रति जबाफदेही, पारदर्शी र सुशासनयुक्त संस्था बनाउन मुख्य भूमिका अध्यक्ष नै बढी जिम्मेवार हुनुपर्ने उल्लेख गर्दै,

उहाँले सहकारीमा देखिएको वर्तमान चुनौतीलाई सामना गर्दै अभियानलाई थप सुदृढ बनाउन सबै पक्ष लाग्नु पर्नेमा जोड दिनु भयो ।

दुई दिन सम्म सञ्चालन भएको तालिमलाई तेज प्रसाद बजगाईंले विभिन्न ८ वटा विषयमा सहजिकरण गर्नु भएको थियो । कार्यक्रमका सहभागीहरूले आगामी दिनमा सहकारीहरूलाई थप प्रभावकारी बनाउनका लागि शेयर सदस्यहरूसँगको सम्बन्धलाई प्रभावकारी बनाउने, संस्थाबाट ऋण लगेका शेयर सदस्यहरूलाई ऋणको ब्याज र किस्ता समयमै भुक्तान गर्ने वातावरण बनाउन राज्यका निकायसँग समन्वय गर्नु पर्नेमा जोड दिएका थिए । बैंकको कीर्तिपुर र बलम्बु शाखामा कारोबार गर्ने दक्षिणकारी नगरपालिका, कीर्तिपुर नगरपालिका र चन्द्रागिरि नगरपालिका भित्रका २८ संस्थाका अध्यक्ष एवम् उपाध्यक्षहरूले सहभागिता जनाएका थिए । तालिम कार्यक्रम सञ्चालन बैंकको कीर्तिपुर शाखाका प्रमुख समीर मानन्धरले गर्नुभएको थियो ।

# व्यवस्थापकहरुको ज्ञान, सीप र धारणामा सकारात्मक परिवर्तन गर्न क्षमता विकास तालिम



ललितपुर । राष्ट्रिय सहकारी बैंक लिमिटेड कोटेश्वर र इमाडोल शाखा कार्यालयद्वारा आयोजित दुई दिवसीय व्यवस्थापकहरूको क्षमता विकास तालिम फाल्गुन १० गते सम्पन्न भएको छ ।

एन.सि.बि.एल सदस्य शिक्षा कार्यक्रम २०८०/०८१ अन्तर्गत निःशुल्क रूपमा फाल्गुन ९ र १० गते सञ्चालन गरिएको तालिममा बैंकको कोटेश्वर र इमाडोल शाखा कार्यालयमा कारोबार गर्ने सहकारी संस्थाका व्यवस्थापन प्रमुखहरुको सहभागिता रहेको थियो । सहकारी संस्थाका व्यवस्थापकहरूको क्षमता विकास गरी सुशासनयुक्त र व्यावसायिक संस्था सञ्चालन गर्न सहयोग पुऱ्याउने उद्देश्यका साथ तालिम सञ्चालन गरिएको बैंकले जनाएको छ । तालिममा सहकारी क्षेत्रको विकास र प्रवर्द्धन गरि यस क्षेत्रको सशक्तीकरण, जोखिम व्यवस्थापन, संस्थागत सुशासन, अनुगमन प्रणाली, संस्थाको छवि निर्माणमा व्यवस्थापकको भूमिका, लगायतका विषयमा छलफल तथा अन्तरक्रिया भएको थियो । कार्यक्रमको फाल्गुन ९ गते उद्घाटन गर्दै बैंकका सञ्चालक एवम् बागमती प्रदेशका संयोजक रामहरि बजगाईंले सहकारी संघ संस्थाहरुको संस्थागत विकास र वृद्धिमा बैंकको भूमिका थप विस्तार र व्यवस्थित गर्नका लागि कार्यक्रम सहयोगी हुने बताउनु भयो । सहकारी संस्थाका समग्र व्यवस्थापनमा व्यवस्थापकहरूको महत्वपूर्ण भूमिका रहने बताउँदै समय सापेक्ष रूपमा आफूलाई दक्ष र प्रविधिमैत्री बनाई राख्नुपर्नेमा जोड दिनु भयो । बैंकका सञ्चालक महेन्द्र कुमार गिरीले तालिमले ज्ञान र सिपको विकास गरी सहकारी संस्थालाई फरक ढङ्गले सञ्चालन गर्न टेवा पुग्ने विश्वास व्यक्त गर्नु भयो । उहाँले सहकारी संघ संस्थाहरु तथा वित्तीय क्षेत्रमा देखिएको वर्तमान चुनौतीलाई सामना गर्दै अभियानलाई थप सुदृढ र सक्षम बनाउन सबै पक्ष लाग्नु पर्नेमा जोड दिनु भयो । तालिमको समापन सत्रमा बोल्दै बैंकका सञ्चालक ध्रुवराज विष्टले सहकारी संस्थाहरुले सदस्यहरूलाई वित्तीय साक्षरता अभिवृद्धिमा जोड दिनु पर्ने बताउनु भयो । संस्थाका सदस्यलाई स्रोत र साधनको कुशल प्रयोग गर्न सिकाउँदै आयमूलक क्षेत्रमा लगानी गरि आफ्नो जीवनस्तर सुधार गर्न सहयोग पुग्ने विश्वास

व्यक्त गर्नु भयो । उहाँले सहकारीको भूमिका थप बढाउनका लागि उद्देश्य अनुरूप कर्जा परिचालन, उत्पादनशील क्षेत्रलाई प्राथमिकता, संस्थागत सुशासन, आन्तरिक अनुगमन प्रणालीमा सुधार र दक्ष कर्मचारीको व्यवस्थापन आवश्यक रहेको बताउनु भयो । बैंकको कोटेश्वर शाखाका प्रमुख हेमन्त चौंलागाईले तालिमबाट सिकेका कुरालाई व्यवहारमा परिणत गर्नुपर्नेमा जोड दिनुभयो । उहाँले २ दिनको तालिमबाट सहभागीहरूको ज्ञान, सीप र धारणामा सकारात्मक परिवर्तन गर्न सहयोग पुगेको विश्वास व्यक्त गर्नु भयो । दुई दिन सम्म सञ्चालन भएको तालिममा बैंकका अधिकृत नव कुमार अधिकारीले व्यवस्थापहरुको क्षमता विकासका विभिन्न विषयमा सहजिकरण गर्नु भएको थियो । तालिममा इमाडोल शाखाका प्रमुख रुकमिनी थापा, ठिमी शाखाका प्रमुख सिता भट्टराईको आतिथ्यता रहेको थियो । तालिममा बैंकको कोटेश्वर र इमाडोल शाखामा आबद्ध ४० वटा सहकारी संस्था प्रमुख कार्यकारी अधिकृत, व्यवस्थापक एवम् सहायक व्यवस्थापकहरूको सहभागिता रहेको थियो ।

बैंकले चालू आर्थिक वर्ष २०८०/०८१ मा एन.सि.बि.एल सदस्य शिक्षा कार्यक्रम अन्तर्गत सहकारी संघ/संस्थाहरूका अध्यक्षहरूको क्षमता विकास तालिम, लेखा सुपरिवेक्षण समितिको प्रभावकारिता, कोषाध्यक्षको क्षमता विकास तालिम र व्यवस्थापकहरूको क्षमता विकास तालिम सम्पूर्ण शाखा कार्यालय मार्फत सञ्चालन गरिरहेको छ ।

# सम्पत्ति र दायित्व व्यवस्थापनबाट संस्थाले जोखिम व्यवस्थापन गर्नुपर्छः प्रमुख कार्यकारी अधिकृत गुरागाईं




फाल्गुन ११, ललितपुर । को-अपरेटिभ म्यानेजर्स क्लब कञ्चनपुरको आयोजना तथा राष्ट्रिय सहकारी बैंकको प्राविधिक सहयोगमा सहकारीको सम्पत्ति र दायित्व व्यवस्थापन विषयक दुई दिवसीय तालिमे कञ्चनपुरको महेन्द्रनगरमा शुक्रवार देखि सुरु भएको छ ।

सहकारी संस्थाको आर्थिक प्रतिवेदनको तयारीमा संलग्न हुने व्यवस्थापक तथा लेखा शाखाका कर्मचारीहरूलाई लक्षित आयोजना गरेको तालिममा जिल्लाका विभिन्न सहकारी संस्थाका व्यवस्थापक र लेखा शाखाका कर्मचारीहरू गरी ३५ जनाले सहभागिता जनाएका छन् ।

तालिमको उद्घाटन राष्ट्रिय सहकारी बैंकका प्रमुख कार्यकारी अधिकृत बद्री कुमार गुरागाईंले गर्नु भएको थियो । उद्घाटन पछि कार्यक्रममा मन्तव्य राख्नु हुँदै प्रमुख कार्यकारी अधिकृत गुरागाईंले सहकारीमा सम्पत्ति र दायित्व व्यवस्थापनको पर्याप्त पुँजी, स्थिर आम्दानी, तरलता र ब्याजदर जोखिम व्यवस्थापन मार्फत सहकारीलाई आर्थिक रूपमा सक्षम राखी सुनिश्चित गर्न सहज हुने बताउनु भयो । उहाँले संस्थाको लेखा परीक्षण प्रतिवेदनमा वासलातको अध्ययनले समग्र सहकारी संस्थाको आर्थिक अवस्था सहकारी संस्थाको स्वामित्वका सम्पत्तिहरू र अल्पकालीन एवम् दीर्घकालीन दायित्वहरूको विषयमा ज्ञान हुने हुँदा यसको तयारीमा दक्षता हुनु आवश्यक रहेको उल्लेख गर्नु भयो । सम्पत्ति दायित्व व्यवस्थापनबाट संस्थाले जोखिम व्यवस्थापन गर्नुपर्ने उल्लेख गर्नुहुँदै, सम्पूर्ण जोखिमको विश्लेषण र व्यवस्थापन गर्ने जिम्मा व्यवस्थापकको रहेको बताउनु भयो । संस्थाको आर्थिक प्रतिवेदनहरू सहकारी संस्थाको मजबुत र अन्य अवस्थाका प्रतिबिम्ब भएकाले ती प्रतिवेदनहरूमध्ये वासलात अझ महत्वपूर्ण आर्थिक प्रतिवेदन रहेको भन्दै हरेक सहकारी संस्थाको लेखाको उचित र विश्वासनिय आर्थिक प्रतिवेदनहरूले सहकारीका सदस्यहरूको

संस्थाप्रतिको विश्वासलाई मजबुत बनाउने कुरामा जोड दिनु भयो ।

दुई दिनसम्म सञ्चालन हुने तालिममा सम्पत्ति दायित्व व्यवस्थापनका विषयमा जानकारी गराउँदै सहकारी संस्थाको गुणस्तरीय वित्तीय संरचना, कोष लागत निर्धारण तथा प्रभावकारी तरलता व्यवस्थापनका सम्बन्धी विषयमा प्रशिक्षण दिइने अपरेटिभ म्यानेजर्स क्लब कञ्चनपुरका अध्यक्ष सुनिल सेठी जानकारी दिनुभयो । तालिमको राष्ट्रिय सहकारी बैंक लिमिटेड तालिम विभागका अधिकृत बल्लभ तिमल्सिनाले सहकारीको सम्पत्ति र दायित्व व्यवस्थापनको विषयमा सहजिकरण गर्नुहुने छ । तालिम पश्चात् संस्थाको सम्पत्ति र दायित्वको उचित लेखाङ्कन गर्न सहयोग पुग्ने कार्यक्रमका सहभागीले बताएका छन् ।

# कुश्मामा सहकारीका अध्यक्षहरुलाई क्षमता विकास तालिम

ललितपुर । सहकारी संस्थामा प्रभावकारी व्यवस्थापनका लागि अध्यक्षहरुको भूमिका बढाउनका लागि पर्वतको कुश्मामा सहकारी संस्थाका अध्यक्षहरुका लागि २ दिने तालिम सञ्चालन गरिएको छ ।

राष्ट्रिय सहकारी बैंक लिमिटेड शाखा कार्यालय बागलुङको आयोजनामा सञ्चालन गरिएको तालिममा सहकारीलाई व्यवस्थित रुपमा सञ्चालन गर्नका लागि अध्यक्षको भूमिका कसरी प्रभावकारी बनाउन सकिन्छ भन्ने विषयमा सहजीकरण गरिएको थियो ।

सहकारीको साधारणसभाले दिएको निर्देशन अनुसार संस्थालाई व्यवस्थित र प्रभावकारी बनाउनका लागि अध्यक्षको भूमिका नेतृत्वदायी तथा संयोजनकारी र नियन्त्रणकारी समेत हुनु पर्दछ, बैंकका सञ्चालक तथा गण्डकी प्रदेशका संयोजक राम बहादुर जिसीले भन्नुभयो, अध्यक्षले सहकारी सञ्चालनको विधि र प्रक्रिया राम्रोसंग बुझेर काम गर्न सकेमा सहकारीका समस्या कम हुदै जाने भएकाले अध्यक्षहरुका लागि तालिम सञ्चालन गरेका हौ ।

सहकारी संस्थामा हुने सम्पूर्ण कामको नेतृत्व गर्ने, सञ्चालक समिति र व्यवस्थापनलाई प्रभावकारी निर्देशन गर्नका लागि पनि अध्यक्षले सहकारी ऐन, नियम, संस्थाको विनियम लगायत निर्देशिका लगायतका विषयमा जानकारी राख्नु पर्ने भएकाले अध्यक्षहरुका लागि तालिम आयोजना गरिएको जिसीको भनाइ छ ।

तालिममा बैंकका अधिकृत राज कुमार बराललले सहजीकरण गर्नु भएको थियो । उहाँले सहकारीको संरचना अनुसार सञ्चालक समिति कार्यकारी र लेखा सुपरीवेक्षण समिति अनुगमनकारी निकाय भएकाले यि दुवैको क्षमता विकास गर्नु पर्नेमा जोड दिनुभयो । दैनिक प्रशासन सञ्चालनदेखि ऐन, नियमको कार्यान्वयन र सहकारीको साख वृद्धिका लागि सञ्चालक समितिको भूमिका बढाउनु पर्ने र त्यसको नेतृत्व गर्ने अध्यक्षलाई यस्ता विषयहरुमा जानकारी हुनुपर्नेमा उहाँको जोड थियो ।

जिल्ला सहकारी संघ पर्वतका अध्यक्ष शेषराज रेग्मीले पछिल्लो समय सहकारीमा देखिएको समस्याको असर पर्वतमा पनि परेको र यस्ता खालका तालिमहरुले सहकारी संस्थालाई सहज रुपमा अगाडि बढ्नका लागि सहयोग पुग्ने धारणा राख्नु भएको थियो ।

तालिममा पर्वत र बागलुङको दक्षिण भेगका सहकारीका अध्यक्षहरुको सहभागिता रहेको राष्ट्रिय सहकारी बैंक बागलुङ शाखाका प्रमुख युवराज त्रिपाठीले जानकारी दिनुभयो ।

# धादिङ, नुवाकोट र रसुवा जिल्लाका सहकारीका अध्यक्षहरुलाई क्षमता विकास तालिम

ललितपुर । राष्ट्रिय सहकारी बैंक लिमिटेड नुवाकोट शाखा कार्यालयद्वारा आयोजित दुई दिवसीय सहकारी संस्थाका अध्यक्षहरूको क्षमता विकास तालिम फाल्गुन १५ सम्पन्न भएको छ ।

एन.सि.बि.एल सदस्य शिक्षा कार्यक्रम २०८०/०८१ अन्तर्गत निःशुल्क रूपमा फाल्गुन १४ र १५ गते सञ्चालन गरिएको तालिममा तीन जिल्लाका ४३ वटा सहकारी संघ/संस्थाका अध्यक्षहरूको सहभागिता रहेको थियो । सहकारी संघ संस्थाका अध्यक्षहरूको क्षमता अभिवृद्धि गरी सहकारी संघ संस्थालाई कुशलता पूर्वक सञ्चालन र व्यवस्थापन गरी सुशासन र पारदर्शी तवरबाट संस्था सञ्चालन गर्न नेतृत्वदायि बनाउने सहयोग पुऱ्याउने उद्देश्यका साथ तालिम सञ्चालन गरिएको बैंकले जनाएको

छ । तालिममा सहकारी क्षेत्रको आन्तरिक नियन्त्रण प्रणाली तथा जोखिम व्यवस्थापनमा सञ्चालक तथा अध्यक्षहरूको भूमिका, सहकारी ऐन, नियमावली, आन्तरिक कार्यविधि तथा सहकारीमा सुशासन, बैठक सञ्चालन प्रक्रिया, नेतृत्वको भूमिका लगायतका विषयमा छलफल तथा अन्तरक्रिया भएको थियो ।

कार्यक्रमको उद्घाटन बैंकका संचालक एवम् बाग्मती प्रदेशका संयोजक रामहरी बजगाइले गर्नुभएको थियो । उद्घाटन पछि मन्तव्य राख्दै सञ्चालक बजगाइले सहकारीको कुशल व्यवस्थापनमा सञ्चालक समितिका अध्यक्षको नेतृत्वदायी भूमिका रहने बताउनु भयो । उहाँले 'सहकारी संस्थाका अध्यक्ष, सदस्यहरूबाट चुनिएर आएका प्रतिनिधि भएकोले संस्था सञ्चालनमा महत्वपूर्ण भूमिका हुने बताउनु भयो' । बैंकका सञ्चालक ध्रुवराज विष्टले सहकारी संस्थामा हुने सम्पूर्ण कामको नेतृत्व गर्ने, सञ्चालक समिति र व्यवस्थापनलाई प्रभावकारी निर्देशन गर्नका लागि पनि अध्यक्षले सहकारी ऐन, नियमावली, संस्थाको विनियम लगायत निर्देशिका तथा कार्यविधिहरुकाहरुका विषयमा जानकारी राख्नु पर्ने भएकाले अध्यक्षहरुका लागि तालिम आयोजना गरिएको बताउनु भयो ।

दुई दिन सम्म सञ्चालन भएको तालिमलाई तेज प्रसाद बजगाईंले विभिन्न ८ वटा विषयमा सहजिकरण गर्नु भएको थियो । कार्यक्रमका सहभागीहरूले सहकारीहरूलाई थप प्रभावकारी बनाउनका लागि शेयर सदस्यहरूसँगको सम्बन्धलाई प्रभावकारी बनाउने, संस्थाबाट ऋण लगेका शेयर सदस्यहरूलाई ऋणको ब्याज र किस्ता समयमै भुक्तान गर्ने वातावरण बनाउन राज्यका निकायसँग समन्वय गर्नु पर्नेमा जोड दिएका छन् ।

बैंकको नुवाकोट शाखा समन्वय उपसमितिका संयोजक बैकुण्ठ मिश्रको सभापतित्व भएको कार्यक्रमको सञ्चालन नुवाकोट शाखाका प्रमुख प्रदिप अर्यालले गर्नुभएको थियो ।

# सहकारीका कोषाध्यक्षहरुका लागि गलकोटमा क्षमता विकास तालिम

ललितपुर । राष्ट्रिय सहकारी बैंक लिमिटेड बागलुङ शाखाको आयोजनामा सहकारीका कोषाध्यक्षहरुका लागि गलकोटमा सञ्चालित २ दिने तालिम फाल्गुण १८ गते सम्पन्न भएको छ।

सहकारीका कोषाध्यक्षहरुलाई वित्तीय व्यवस्थापन तथा सहकारीका नीति नियम र व्यवसायिकताका विषयमा जानकारी गराउने उद्देश्यका साथ तालिम सञ्चालन गरिएको बैंकले जनाएको छ ।



सहकारीमा कोषाध्यक्षहरुको भूमिका लगायत सहकारी ऐन नियममा भएका व्यवस्था र सञ्चालक समितिको भूमिका लगायतका विषयमा राष्ट्रिय सहकारी बैंकका तालिम अधिकृत राज कुमार बरालले सहजीकरण गर्नु भएको थियो। तालिममा गलेकाट नगरपालिका, ढोरपाटन नगरपालिका, ताराखोला गाउँपालिका, बडिगाड गाउँपालिकामा सञ्चालित विभिन्न सहकारी संस्थाका ३५ जनाको सहभागितामा तालिम सम्पन्न गरिएको राष्ट्रिय सहकारी बैंक बागलुङ शाखाका प्रमुख युवराज त्रिपाठीले जानकारी दिनुभयो।

तालिमका सहभागीहरु मध्ये जेष्ठ सदस्य तिल बहादुर बस्नेतको अध्यक्षतामा सम्पन्न भएको समापन कार्यक्रममा जिल्ला वचत तथा ऋण सहकारी संघ बागलुङका उपाध्यक्ष गणेश बहादुर खत्री, बागलुङ कोअपरेटिभ म्यानेजर्स क्लबका सदस्य मिना श्रेष्ठ, सहभागी ओमकार सुवेदी लगायतले मन्तव्य व्यक्त गर्नु भएको थियो ।

# सहकारीका व्यवस्थापकका लागि नयाँबजारमा क्षमता विकास तालिम

ललितपुर । राष्ट्रिय सहकारी बैंक लिमिटेड नयाँबजार शाखा कार्यालयद्वारा आयोजित दुई दिवसीय व्यवस्थापकहरूको क्षमता विकास तालिम फाल्गुन २३ गते सम्पन्न भएको छ । एन.सि.बि.एल सदस्य शिक्षा कार्यक्रम २०८०/०८१ अन्तर्गत नि:शुल्क रूपमा सोमबार र मंगलबार सञ्चालन गरिएको तालिममा बैंकको नयाँबजार शाखा कार्यालयमा कारोबार गर्ने सहकारी संस्थाका व्यवस्थापन प्रमुखहरुको सहभागिता रहेको थियो । सहकारी संस्थाका व्यवस्थापकहरूको क्षमता विकास गरी सुशासनयुक्त र व्यावसायिक संस्था सञ्चालन गर्न सहयोग पुऱ्याउने उद्देश्यका साथ तालिम सञ्चालन गरिएको बैंकले जनाएको छ । तालिममा सहकारी क्षेत्रको विकास र प्रवर्द्धन गरि यस क्षेत्रको सशक्तीकरण, जोखिम व्यवस्थापन, संस्थागत सुशासन, अनुगमन प्रणाली, संस्थाको छवि निर्माणमा व्यवस्थापकको भूमिका, लगायतका विषयमा छलफल तथा अन्तरक्रिया भएको थियो । कार्यक्रमको द्घाटन सोमबार बैंकका सञ्चालक एवम् बागमती प्रदेशका संयोजक रामहरि बजगाईंले गर्नुभएको थियो । उद्घाटन गर्दै उहाँले सहकारी संस्थाका समग्र व्यवस्थापनमा व्यवस्थापकहरूको महत्वपूर्ण भूमिका रहने बताउँदै समय सापेक्ष रूपमा आफूलाई दक्ष र प्रविधिमैत्री बनाई हरेक क्षेत्रमा दखल राख्नुपर्नेमा जोड दिनु भयो । तालिमको समापन सत्रमा बोल्दै बैंकका सञ्चालक ध्रुवराज विष्टले तालिमले ज्ञान र सिपको विकास गरी सहकारी संस्थालाई फरक ढङ्गले सञ्चालन गर्न टेवा पुग्ने विश्वास व्यक्त गर्नु भयो । उहाँले सहकारी संघ संस्थाहरु तथा वित्तीय क्षेत्रमा देखिएको वर्तमान चुनौतीलाई सामना गर्दै अभियानलाई थप सुदृढ र सक्षम बनाउन सबै पक्ष लाग्नु पर्नेमा जोड दिनु भयो । २ दिनको तालिमबाट सहभागीहरूको ज्ञान, सीप र धारणामा सकारात्मक परिवर्तन गर्न सहयोग पुगेको विश्वास व्यक्त गर्नु भयो । दुई दिन सम्म सञ्चालन भएको तालिमलाई सहकारी प्रशिक्षक तेज प्रसाद बजगाईंले व्यवस्थापहरुको क्षमता विकासका विभिन्न विषयमा सहजिकरण गर्नु भएको थियो । तालिममा बैंकको नयाँबजार शाखामा कारोबार गर्ने ३३ वटा सहकारी संस्था प्रमुख कार्यकारी अधिकृत, व्यवस्थापक एवम् सहायक व्यवस्थापकहरूको सहभागिता रहेको थियो । कार्यक्रमको सञ्चालन शाखा प्रमुख लोकेन्द्र के.सी.ले गर्नुभएको थियो ।

बैंकले चालू आर्थिक वर्ष २०८०/०८१ मा एन.सि.बि.एल सदस्य शिक्षा कार्यक्रम अन्तर्गत सहकारी संघ/संस्थाहरूका अध्यक्षहरूको क्षमता विकास तालिम, लेखा सुपरिवेक्षण समितिको प्रभावकारिता, कोषाध्यक्षको क्षमता विकास तालिम र व्यवस्थापकहरूको क्षमता विकास तालिम सम्पूर्ण शाखा कार्यालय मार्फत सञ्चालन गरिरहेको छ ।

# सहकारीमा कर व्यवस्था र कर्जा असुली सम्बन्धी कानुनी व्यवस्था विषयक तालिम सम्पन्न

ललितपुर । राष्ट्रिय सहकारी बैंक लिमिटेड उर्लाबारी शाखा र सहकारी कर्मचारी संगठन मोरङको आयोजनामा “सहकारीमा कर व्यवस्था र कर्जा असुली सम्बन्धी कानुनी व्यवस्था” विषयक तालिम सम्पन्न भएको छ। फाल्गुण २३ गते भएको उक्त तालिममा ३५ वटा सहकारी संस्थाका सञ्चालक तथा कर्मचारीहरुको सहभागिता रहेको थियो ।

सहकारी संस्थामा व्यवस्थित तरिकाले लेखा राखी, आयकरको गणना, टिडिएसहरुको दाखिला, पारिश्रमिक कर गणना र कर्जा असुली सम्बन्धी कानुनि प्रक्रियाको विषयमा जानकारी दिने उद्देश्यले तालिम सञ्चालन गरिएको बैंकले जनाएको छ ।

तालिममा इटिडिएस, राजश्वको शीर्षकहरू, आयकर ऐनमा सहकारी सम्बन्धी भएका व्यवस्था, कर्जा असुलीमा कानुनी व्यवस्था लगायतको विषयमा लेखापरिक्षक राजेन्द्र प्रसाद सुवेदीले सहजीकरण गर्नु भएको थियो । सहकारी कर्मचारी संगठन उर्लाबारी इलाकाका अध्यक्ष चक्र खड्काको अध्यक्षतामा भएको कार्यक्रममा राष्ट्रिय सहकारी बैंक लिमिटेड उर्लाबारी शाखाका प्रमुख विवेक रिजालले उद्घाटन

गर्नु भएको थियो । कार्यक्रममा स्वागत मन्तव्य सहकारी कर्मचारी संगठन उर्लाबारी इलाकाकी उपाध्यक्ष सुशीला न्यौपानेले गर्नुभएको थियो ।

# सुन्दरहरैंचामा सहकारीका अध्यक्षहरूको क्षमता विकास तालिम सम्पन्न

ललितपुर । राष्ट्रिय सहकारी बैंक लिमिटेड सुन्दरहरैचा शाखा कार्यालयद्वारा आयोजित दुई दिवसीय सहकारी संस्थाका अध्यक्षहरूको क्षमता विकास तालिम फाल्गुन २९ गते सम्पन्न भएको छ ।

एन.सि.बि.एल सदस्य शिक्षा कार्यक्रम २०८०/०८१ अन्तर्गत निःशुल्क रूपमा फाल्गुन २७ र २८ गते सञ्चालन गरिएको तालिममा २७ वटा सहकारी संघ/संस्थाका २८ जना अध्यक्षहरूको सहभागिता रहेको थियो। सहकारी संघ संस्थाका अध्यक्षहरूको क्षमता अभिवृद्धि गरी सहकारी संघ संस्थालाई कुशलता पूर्वक सञ्चालन र व्यवस्थापन गरी सुशासन र पारदर्शी तवरबाट संस्था सञ्चालन गर्न नेतृत्वदायि बनाउने सहयोग पुऱ्याउने उद्देश्यका साथ तालिम सञ्चालन गरिएको बैंकले जनाएको छ। तालिममा सहकारी क्षेत्रको आन्तरिक नियन्त्रण प्रणाली तथा जोखिम व्यवस्थापनमा सञ्चालक तथा अध्यक्षहरूको भूमिका, सहकारी ऐन, नियमावली, आन्तरिक कार्यविधि तथा सहकारीमा सुशासन, बैठक सञ्चालन प्रक्रिया, नेतृत्वको भूमिका लगायतका विषयमा छलफल तथा अन्तरक्रिया भएको थियो । बैंकको सुन्दरहरैचा शाखा समन्वय उपसमितिका संयोजक टिकाप्रसाद कट्टेलको अध्यक्षतामा भएको कार्यक्रमको बैंकका सञ्चालक एवम् कोशी प्रदेशका संयोजक महेन्द्र गिरीले उद्घाटन गर्नुभएको थियो ।

उद्घाटन पछि मन्तव्य राख्नुहुँदै प्रमुख अतिथि एवम् बैंकका सञ्चालक महेन्द्र गिरीले बैंकको प्रत्येक शाखामा आयोजना हुने गरी २०० भन्दा बढी निःशुल्क तालिम देशभरी सञ्चालन भइरहेको र यसबाट सहकारी अभियानलाई सुसूचित गराई दिशा बोध गर्न र सदस्य केन्द्रीयता वृद्धि गर्न सकिने बताउनु भयो । उहाँले संस्थाहरुले पनि सदस्य सहभागितामा जोड दिनुपर्ने र सदस्य शिक्षाका कार्यक्रम अघि बढाउनुपर्ने धारणा राख्नुभएको थियो । नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लिमिटेडका सञ्चालक लक्ष्मी सापकोटाले, नीति र विधिमा सहकारी संस्थाहरुलाई सञ्चालन गर्नुपर्ने बताउनु भयो । जिल्ला सहकारी संघ लिमिटेड मोरङका सचिव राकेश दाहालले सहकारी अभियानलाई थप उचाइमा पुऱ्याउन र सहकारी क्षेत्रका समस्या समाधानको नेतृत्व लिन संघले आफ्ना गतिविधि केन्द्रित गरिरहेको बताउनु भयो। सहकारी बैंकले आयोजना गरेको यस कार्यक्रमले उत्तरी मोरङका सहकारीहरूलाई व्यवस्थित गर्न सहयोग पुऱ्याउने धारणा राख्दै आगामी चैत्र १४ देखि २० गतेसम्म राष्ट्रिय सहकारी सप्ताहका रूपमा मनाउन विभिन्न कार्यक्रमको आयोजना गरिएको बताउनु भयो ।शाखा समन्वय उपसमितिका सदस्यहरू रामप्रसाद गजुरेल, अर्जुनराज अधिकारीले समापन सत्रमा बोल्दै तालिम अत्यन्त प्रभावकारी रहेको र यसले आगामी दिनमा संस्थामा आफ्नो भूमिकालाई अझ प्रभावकारी बनाउन सहयोग पुऱ्याउने बताएका छन् । सहभागी सबैलाई धन्यवाद दिदैं शाखा समन्वय उपसमितिका संयोजक टिकाप्रसाद कट्टेलले सदस्य केन्द्रित, मर्यादित र समुदायमा आधारित व्यवस्थित सहकारी निर्माणको नेतृत्वका लागि यो तालिमले सहयोग पुऱ्याउने अपेक्षा राखेको बताउनु भयो ।

बैंकका तालिम अधिकृत राजकुमार बरालले तालिमको सहजिकरण गर्दै सहकारीको परिचय मूल्य मान्यता तथा सिद्धान्तहरूको व्यवहारिक प्रयोगको परीक्षण, कार्य योजना तथा बजेट निर्माण तथा समीक्षा गर्ने सिप, प्रभावकारी ऋण व्यवस्थापन, व्यवस्थापन प्रतिवेदन र विश्लेषण बैठक सञ्चालन प्रक्रिया, आधारभूत वित्तीय साक्षरता सम्बन्धी

ज्ञान एवम् सदस्यलाई वित्तीय परामर्श उपलब्ध गराउने भूमिका, सहकारी ऐन नियमावली आन्तरिक कार्यविधि तथा सहकारीमा सुशासन, वित्तीय विश्लेषण गर्ने सिप, आन्तरिक नियन्त्रण प्रणाली तथा जोखिम व्यवस्थापनमा सञ्चालक/अध्यक्षको भूमिका लगायतका विषयवस्तुमा रहेर सहभागितामूलक शैलीमा सहजीकरण गर्नुभएको थियो । तालिममा चण्डेश्वरी बचत तथा ऋण सहकारी संस्था लिमिटेडका प्रमुख कार्यकारी अधिकृत झलेन्द्र दाहालले जोखिम व्यवस्थापन र आन्तरिक नियन्त्रण प्रणालीका विषयमा आफ्ना अनुभवहरू साट्नुभएको थियो ।


National राष्ट्रिय सहकारी बैंक लिमिटेड
Co-operative Bank Limited (NCBL)
सबै प्रकृतिका सहकारीलाई बैंकको सदस्य बन्न अझै सहजता
Internet Banking को सुविधा
रु १५०० मा बैंकको सदस्यता
SMS Banking को सुविधा
• वार्षिक शुल्क नलाग्ने
• सहज प्रक्रिया
• Online मार्फत सदस्यता लिन सकिने
थप जानकारीको लागी बैंकको नजिकको शाखा कार्यालयमा सम्पर्क गर्नुहोस
Web: www.ncbl.coop Email: ncbl@ncbl.coop
NEDAC
ACCU
coop
टोल फ्री नं १६६००१०२९९९